# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. ०८१/८२
च.नं. २२०१

मिति: २०८२/०१/०७

श्री उपभोक्ता समितिहरु सबै,

कालिका नगरपालिका, चितवन ।

विषयः उपभोक्ता समितिको अस्थाई PAN दर्ता गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा यस कार्यालयमा दर्ता भै १० लाख भन्दा बढी रकम सम्झौता भएका उपभोक्ता समितिहरुले योजना फरफारक गर्नका लागि तपसिल बमोजिमको कागजात पेश गरि करदाता सेवा कार्यालय, खैरहनी बाट अनिवार्य रुपमा अस्थाई PAN लिनुहुन अनुरोध गरिन्छ ।

**आवश्यक कागजातहरुः**

१. सम्झौता/ कायदिशको फोटोकपि

२. अस्थाई PAN को लागि वडा कार्यालयको सिफारिस (समितिको/सदस्यहरुको नाम सहित उल्लेख भएको)

३. कर सम्बन्धी काम गर्न जिम्मेवारी प्रदान गरिएको उपभोक्ता समितिको निर्णय

४. कार्यसमिति सदस्यहरु सबैको नागरिकताको फोटोकपी

५. अध्यक्ष, सचिव र कोषाध्यक्षको PAN कार्डको फोटोकपी

६. उपभोक्ता समितिको छाप

७. उपभोक्ता समितिको कार्यालय रहने ठाँउ सामुदायिक भवन प्रयोग भएमा सम्बन्धित संस्थाको पत्र/ कार्यसमितिको सदस्यको घर प्रयोग भएमा निजको मञ्जुरीनामा र लालपुर्जाको फोटोकपी/ भाडाको घर प्रयोग गरेको भए घर भाडा सम्झौता र लालपुर्जाको फोटोकपी

नोटः सम्झौता गरे पछि अनिवार्य रुपमा अस्थाई PAN दर्ता गर्नुहुन उपभोक्ता समितिलाई अनुरोध छ । PAN नभएको उपभोक्ता समितिको भुक्तानी गर्न नगरपालिका बाध्य हुने छैन ।

२०८२/१/६

ऋषि प्रसाद कडुवाल
बरिष्ठ लेखा अधिकृत

देवराज चौलागाई
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः करदाता सेवा कार्यालय, खैरहनी ।

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np